सिदिङवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्या मितिः २०८२/०३/०५

## भाग-२

सिदिङवा गाउँपालिका

**सिदिङ्वा गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२**

आज्ञाले,

तिवेन्द्र अधिकारी

नि. प्रमुख प्रशासकीय अधिकृत

## सिदिङ्वा गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२

**प्रमाणीकरण मिति :** २०८२/०३/०५

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०८२/०३/०५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **सिदिङ्वा** गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम **सिदिङ्वा** गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन **सिदिङ्वा** गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाल **सिदिङ्वा** गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, **२०८२** सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले **सिदिङ्वा** गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले **सिदिङ्वा** गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त **सिदिङ्वा** गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही **सिदिङ्वा** गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।